लिखु गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

डुँडे, नुवाकोट

बागमती प्रदेश, नेपाल

सार्वजनिक सुनुवाइको सुचना

(प्रकाशित मिति २०७८।१२।१३)

आयोजनाको नाम: लिखु नदी र तादी नदीबाट दीर्घकालीनरुपमा ढुङ्गा, गिट्टी र बालुवा उत्खनन गर्ने कार्य

प्रस्तावक: लिखु गाँउपालिका, गाँउकार्यपालिकाको कार्यालय, नुवाकोट, बागमती प्रदेश, नेपाल

प्रस्तावित यस उत्खनन कार्य गर्दा आयोजना प्रभावित क्षेत्रको १. भौतिक प्रणाली, २. जैविक प्रणाली, ३. आर्थिक तथा सामाजिक प्रणाली, ४. सांस्कृतिक प्रणाली, ५. मानवीय क्रियाकलाप, यिनका अवयवहरुको अन्तरक्रिया तथा अन्तरसम्बन्धमा के कस्तो प्रभाव पर्दछ भन्ने सवालहरूका बारेका प्रस्ताव कार्यान्वयन हुने क्षेत्रका सरोकारवालाहरूसंग राय सुझाव लिइनुपर्ने भएकोले वातावरण संरक्षण नियमावली, २०७७ का अनुसार यो सार्वजनिक सुनुवाइ कार्यक्रमका लागि सूचना प्रकाशित गरिएको छ ।सोही सम्बन्धी निम्न मिति, समय र स्थानमा सार्वजनिक सुनुवाइ कार्यक्रमहरू संचालन गर्न लागिएको छ ।

| स्थान | मिति | समय |
|---|---|---|
| गाँउपालिकाको हल , अमिलवोटे | २०७८।१२।२० गते | ११:३० देखि १२:३० |

उक्त प्रस्ताव कार्यान्वयनबाट पर्नसक्ने प्रभाव गाँउपालिका तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाले कोभिड १९ का कारणले उचित सतर्कता अपनाइ माथि उल्लेखित सार्वजनिक सुनुवाइमा उपस्थित भइ वा यस गाँउपालिकाको इमेलमा वा गाँउपालिका परिसरमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र आइ पुग्ने गरी राय सुझाव उपलब्ध गराइदिनुहुन अनुरोध गरिन्छ ।

**राय सुझाव पठाउने ठेगाना**

लिखु गाँउपालिका,

गाँउकार्यपालिकाको कार्यालय,

डुँडे, नुवाकोट,

बागमती प्रदेश, नेपाल

इमेल: likhu.nuwakot@gmail.com

फोन नं. ९८५१२५३०९९

प्रमुख प्रशासकीय अधिकृत